**अनुसूचि-२**

**<u>गौरादह नगरपालिकाको योजना अनुगमन तथा मूल्याङ्कन समितिका संयोजक तथा नगर उपप्रमुख श्री जलवर्षा राजवंशीले प्रस्तुत गर्नुभएको आ.व ०८०।०८१ को वार्षिक अनुगमन निरीक्षण प्रतिवदेन</u>**

यस गौरादह नगरपालिकामा आ.व. ०८०।०८१ मा विभिन्न योजनाहरुको अनुगमन निरीक्षण तथा मुल्याङ्कन समितिका संयोजक श्री जलबर्षा राजबंशीज्युको अध्यक्षतामा अनुगमन निरीक्षण गर्दा देहाय बमोजिमको अवस्था देखिएको तथा सुझावहरु समेत दिइयो।

**<u>तपसिल</u>**

| योजनाको विवरण | अनुगमन गर्दाको अवस्था | अनुगमनको क्रममा दिइएका सुझावहरु |
|---|---|---|
| सडक तथा पुल कल्भर्ट निर्माण सम्बन्धी योजना | गौरादह नगरपालिका वडा नं. २ स्थित चुनीमारी सडक ग्राभेल कार्यमा सडकको चौडाइ कम भएको । | ग्रेडर लगाई दुवैतर्फ पूनः सडक चौडा गरी सडक निर्माण गर्न निर्देशन दिइयो । |
| | वडा नं. ८ को प्रेम ढकालको घर हुँदै ड्रागन खेति सम्मको सडक निर्माण गर्दा स्थानीय सरोकारवालाहरुसँग विवाद उत्पन्न भएको । | विवादसँग सम्बन्धित दुवै पक्षहरुलाई झिकाइ विवाद समाधान गर्न वडा कार्यालयलाई निर्देशन दिइयो । |
| | नगरपालिकाका विभिन्न वडामा सञ्चालन गरिएको कालोपत्रेका लागि बेस निर्माण गरिएका सडकहरु अनुगमन गर्दा वडा नं. १ स्थित सनराइज मार्ग/बेलडाँगी पिपलचौक सडकको बेस निर्माण कार्य गर्दा बेस निर्माण सामाग्री गुणस्तरहीन भएको। | उक्त गुणस्तरहीन बेस हटाइ गुणस्तरयुक्त नयां बेस लगाइ सडक निर्माण गर्न सम्बन्धित ठेकेदारलाई निर्देशन दिइयो । |
| | वडा नं. ३ दुर्गादिवी प्रा. वि. सडक, अतिथि सदन सडक र ४ को नमूना डोरामारी मार्ग कालोपत्रे सडक गुणस्तरहीन भएको । | ठेकेदारलाई उक्त गुणस्तरहीन सडक पूननिर्माण गर्न निर्देशन दिइएको । |
| | गौरादह-३ को सिंहदेवी सडक- गैरीवाउँ सडक निर्माण कार्य ढिलो शुरु गर्नाले लामो समय सडकमा ग्रावेल थुपारेर सडक अवरुद्ध भई संभावित जोखिम देखिएको । | उक्त सडकलाई तुरुन्त दोहोरो आवागमन सुचारु हुनेगरी निर्माण कार्य गर्न सम्बन्धित ठेकेदारलाई निर्देशन दिइएको । |
| | ठेक्का मार्फत सञ्चालित अधुरो कालोपत्रे तथा कल्भर्ट निर्माणका योजनाहरु समयमै निर्माण नगर्ने र ढिलासुस्ती गर्ने प्रवृत्ति देखिएको । | समयमै कार्य सूचारु गरी निर्माण कार्य गर्न सम्बन्धित ठेकेदार र प्राविधिकहरुलाई निर्देशन दिइएको । |
| | वडन नं. ०६ स्थित सिंहडुब्बा कल्भर्ट निर्माणमा स्थानीयहरुको गुनासो आएको । | बर्खाको बाढीको कारण कल्भर्टको दुवैतर्फको माटो बगाएको र कटान समेत गरेकोमा सम्बन्धित प्राविधिकलाई सो को निराकरणको लागि माटो बचाउने उपाय अपनाउन र योजनाको पूर्ण भुक्तानी नगर्न आवश्यक निर्देशन दिइयो । |
| | निर्माणाधीन कल्भर्टहरुको निर्माण कार्य समयमै नभएको । | आ.व. ०८०।८१ मा निर्माण सुरु भएको कल्भर्टहरु निर्माण कार्य समयमै सुचारु नभएको तथा ढिलासुस्ती र लापरवाही भएको देखिएको हुँदा यथाशिघ्र कार्य सुचारु गरी समयमै कार्य सम्पन्न गर्न गराउन सम्बन्धित ठेकेदार तथा प्राविधिकलाई निर्देशन दिइयो । वडा नं. ०५ को श्रीजङ्गाचोकपूर्वको कल्भर्ट निर्माण कार्य गुणस्तरहीन भएकोले सो भत्काई पूनः गुणस्तरयुक्त निर्माण कार्य गर्न ठेकेदारलाई निर्देश गरिएको । |
| | विभिन्न योजनाहरुको सूचना पार्टी नराख्ने गरेको | योजना संचालनको क्रममा अनिवार्यरुपमा आयोजनाको सूचना पार्टी राख्न ब्यवस्था कडाइकासाथ लागू गर्न सुझाव दिइएको । |
| | वडा नं. ०६ को सडक ग्राभेल तथा स्तरोन्नती गर्दा कम परिमाण प्रयोग गरेको | कमसल तथा लागत अनुमान भन्दा कम निर्माण सामाग्री प्रयोग गरेको सम्बन्धमा पूनः ग्राभेल थप गरी निर्माण गर्न |

| | | |
|---|---|---|
| | | निर्देशन दिइएको । |
| | वडा नं. ०८ को मसानघाट ट्रस बृज डिपबोरिङ सडक ग्राभेल कम परिमाण प्रयोग गरेको | लागत अनुमान भन्दा कम परिमाणको ग्राभेल प्रयोग गरेको सम्बन्धमा पूनः ग्राभेल थप गरी सडक ग्राभेल गर्न निर्देशन दिइएको । |
| **भवन लगायतका संरचना निर्माण सम्बन्धी योजना** | वडा नं. ४ को वडा कार्यालय भवनमा पानी पस्ने समस्या सम्बन्धमा | वडा कार्यालयको भवन निर्माण समयमा सम्पन्न नभएमा कार्यालय भित्र पानी पसी समस्या हुने देखिएको हुँदा यथाशिघ्र निर्माण कार्य सम्पन्न गर्न ठेकेदारलाई निर्देशन दिइयो । |
| | वडा नं. ३ को कभर्ड हल भवनको उचाई बढी भएको | कभर्ड हल निर्माण गर्दा भवनको उचाइ कम गरि बाँकी इट्टा जोड्ने लगायतका काम गर्न गराउन प्राविधिक तथा ठेकेदारलाई निर्देशन दिइयो । |
| | दामुना बजारमा ब्यापारिक कम्प्लेक्स भवन निर्माण आन्तरिक आयको प्रमुख श्रोत भएको | दामुना बजार नगरपालिकाको आन्तरिक आयको एक मूलश्रोत भएको हुँदा सो को यथाशिघ्र सम्पन्न गर्न ठेकेदारलाई निर्देशन दिइयो । |
| | नगरपालिकाको सभाहल निर्माणको पानी निकासको उचित प्रबन्ध नगरिएको | नगरपालिकको सभाहल निर्माण गर्दा आकाशबाट परेको पानी निकास सम्बन्धमा सम्बन्धित प्राविधिक र ठेकेदार समेतलाई विशेष ध्यान दिन दिन निर्देशन दिइयो । |
| | विद्यालय भवन निर्माण समयमै नसकिने देखिएको | विभिन्न विद्यालयको भवन निर्माण गर्दा प्राविधिकले दिएको लागत अनुमान, ड्रइङ डिजाइन बमोजिम गर्न निर्देशन दिइयो । चालु आ.व. मा नै कार्य सम्पन्न गर्न र योजना अर्को आ.व. मा सार्ने प्रवृत्ति कमी गर्न निर्देशन दिइयो। |
| **खानेपानी सम्बन्धी योजना** | चान्दु खानेपानी/बैगुन्धुरा खानेपानी/धरधरे कोहवरा खानेपानीको पाइप भण्डारण ब्यवस्थित र मर्मत सम्भार गर्नुपर्ने देखिएको | खानेपानी पाइप विस्तार गरि सबै ग्रामीण बस्तीहरुमा पुर्याउन सुझाव दिइयो । खानेपानी पाइप भण्डारण ब्यवस्थित गर्न तथा वडा नं. ०५ को खानेपानी ट्याङ्की जोड्ने फलामे पाइप लिक भएको देखिएको र दुईवटा बोरिङ मध्ये एउटा बोरिङ मर्मत सम्भार नगरी सञ्चालनमा ल्याउन नसकिने भएको हुँदा सो मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन समेत सुझाव दिइएको । |
| **वाताबरण तथा विपत व्यवस्थापन सम्बन्धी योजना** | हालै आएको मौसमे बाडीको कारण धेरै क्षति भएको वार्ड नं ५ र वार्ड नं ६ को रतुवा खोला नजिक को वस्तीहरु अनुगमन गर्दा रतुवा बाँध भत्किएर बस्ति भित्र पसी जनधनको ठुलो क्षति भएको देखिएको | वडा कार्यालय, सडकको दुवैतर्फ र कार्यालय परिसरमा बृक्षारोपण गर्न सुझाव दिइएको ।<br>नदी कटान नियन्त्रण गर्न दीगो योजना बनाउन र विपत ब्यवस्थापन सम्बन्धी बाँसको पाइलिङ बोरा तटबन्धन तथा तारजाली लगायतका कार्यहरुलाई प्राथमिकता दिनुपर्ने सुझाव दिइएको ।<br>सम्बन्धित निकाय संग सहकार्य गरि आवश्यक निर्माण कार्य आगाडी बढाउन सुझाव दिइएको। |

चालु आ.व मा संचालित योजनाहरुको गुणस्तर सुनिश्चित गर्न आवश्यक चेक/जाँच गर्नुपर्ने देखियो । उपभोक्ता समितिहरुद्वारा संचालित योजनाहरुको संख्या अत्याधिक भएकोले अनुगमन निरीक्षण गर्न केही असहज भएको छ । साथै आगामी दिनहरुमा अनुगमन निरीक्षणको क्रममा वडास्तरमा जनप्रतिनिधिज्यूहरु, लाभग्राही तथा सरोकारवालाहरुको उपस्थिति कमी देखिएको हुँदा अनुगमन निरीक्षणको क्रममा सम्बन्धित सरोकारवाला, लाभग्राहीहरुको उल्लेख्य उपस्थिति हुने ब्यवस्था मिलाउनुपर्ने र उपभोक्ता समितिहरुलाई बढी जिम्मेवार तथा थप क्रियाशील बनाउनुपर्ने आवश्यकता देखिन्छ ।